# छेडागाड नगरपालिका नगरसभाको बैठकमा माननीय नगर प्रमख श्री लाल बहादुर महताराज्यू द्धारा प्रस्तुत

# आर्थिक वर्ष २०७४/७५ को

# छेडागाड नगरपालिकाको नीति तथा कार्यक्रम

छेडागाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

२९ असार २०७४

१. सार्वभौम जनताका प्रतिनिधिद्धारा संविधान सभा मार्फत जारी गरिएको नेपालको संविधान धारा ५६ (१) बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा उपधारा २ बमोजिम नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले नेपालको संविधान तथा प्रचलित कानून बमोजिम गर्ने साथै धारा ५७ उपधारा १ बमोजिम नेपालको संविधानको अनुसूचीहरुमा निहित अधिकार संविधान तथा संघीय कानून वमोजिम प्रयोग हुने संवैधानिक व्यवस्था भए बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३।११।०९ निर्णय अनुसार मिति २०७३।११।२७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो छेडागाड नगरपालिका घोषणा भएको पहिलो वर्षमा यस गरिमामय सभामा नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाइ अत्यन्त खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि पटक पटक गर्दै आएको ऐतिहासिक जन आन्दोलन, सशस्त्र संर्घष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाइ स्मरण एवं प्राणको आहुती दिनु हुने ज्ञात अज्ञात शहीदहरु तथा सम्पूर्ण नगरवासी प्रति सम्मान व्यक्त गर्दछु ।

२. छेडागाड नगरपालिका नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता र स्वाधीनता जनताको सार्वभौमिकता, नेपालको संविधान तथा प्रचलित नेपाल कानून, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने, संघ, प्रदेश र स्थानीय तह वीच सहकारिता, सह अस्तित्व र समन्वयको सिद्धान्तको अवलम्वन, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लोकतान्त्रिक मूल्य मान्यता तथा दिगो विकास, समृद्धि र सुशासनयुक्त छेडागाड नगरपालिकाको आकांक्षा पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

३. नेपालको संविधान संघीयताको कार्यान्वयन मूर्त रुप करिव पन्ध्र वर्षदेखि जनप्रतिनिधि विहिन रहेका स्थानीय निकाय अनुभव भोगेका नगरवासीले संविधानद्धारा अधिकार प्रद्धत स्थानीय तह अन्तरगत यो नगरपालिका घोषणा भइ नगर कार्यपालिका नगर सभा र न्यायिक समिति समेत गठन भएको सन्दर्भमा पदाधिकारीलाइ विजयी गराउनु हुने आदरणीय नगरवासी आमावुवा, दाजुभाइ दिदी वहिनी तथा सम्पूर्ण राष्ट्र सेवकहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

४. नगरपालिकामा सामाजिक तथा मानवीय विकासको साथै पूर्वाधार विकासलाइ पहिलो प्राथमिक राखि नगरसभाको निर्वाचन भए पछि पदाधिकारीहरुको पदवहाली समारोह सभामा नै नगरमा आधुनिक सूचना

तथा संचार प्रणालीमा आवद्ध गर्ने, नगरका सवै वडाहरु समाहित हुने गरी चक्रपथ निर्माण गर्ने तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको पहुँचमा पुऱ्याउने घोषणा गरी नगरपालिका कार्यालयमा इन्टर सेवा उपलब्ध गराइएको, नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय नेपालगंज सँग समन्वय भइरहेको, त्यसैगरी कार्यालय व्यवस्थापन जोड दिनु पर्ने हुँदाहुदै करिव साढे आठ लाखको लागत वयलडाँडी फुपुन्ठाना कृषि सडकखण्ड निर्माण गरिएको तथा सामाजिक सुरक्षा वितरणलाइ आधुनिक सूचना प्रविधि समेत प्रयोग गरी अझ वस्तु निष्ट बनाइनेछ जसको प्रभाव यही आर्थिक वर्षको तेस्रो किस्ता वितरणबाट देखिने छ। त्यसै गरी करिव आधा दर्जन विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर सफलतापूर्वक संचालन हुदाँ सन्तोष गर्न सक्ने अवस्था सिर्जना भएको छ।

५. निर्वाचनको विचबाट नै सवै वडा कार्यालयहरु आधारभूत मेशीनरी, फर्निचर तथा स्टेश्नरी सामान एवं अन्य व्यवस्थापकीय सामाग्री व्यवस्था गरी २०७४ जेठ १७ गते देखि नै निर्वाचित प्रतिनिधिहरुले काम सुरु गरी नागरिकको नजिकबाट सेवा प्राप्त गर्ने हकको प्रत्याभूति हुने अवस्था सिर्जना गर्न सवै वडा कार्यालयहरु उदघाटन भइसकेका छन्।

६. सवै भन्दा पहिले नगरमा मानवीय मर्यादा कायम गरेर प्रत्येक नगरवासी महानुभावहरुले सम्मानपूर्वक बाँच्न पाउने वातावरण बनाउन नगरपालिका सदैव प्रतिवद्ध रहेको उदघोष गर्दछ। साथै नागरिक स्वतन्त्रताको प्रत्याभूत दिलाउन संवैधानिक तथा कानुनी अधिकारको सिमा भित्र रही आवश्यक वातावरण तयार गर्न अगाडी बढ्नेछ।

७. सबै धर्म सम्प्रदायको समान सम्माजनक जीवन वातावरण सिर्जनामा भूमिका खेलिनेछ ऐतिहासिक सम्पदा मठ मन्दिर, पाटी पौवा, देवल आदी संरक्षण प्रवर्द्धन गरि नगरको पहिचान र आय सँग सम्बद्ध गरिनेछ।

८. सामाजिक विधिवताको प्रभावकारी व्यवस्थापन गरिनेछ त्यसका लागि कानुन बमोजिम सकरात्मक विभेद नीति समेत अख्तियार गरिनेछ। कुनै पनि प्रकारको भेदभाव र विभेद शोषण कुप्रथा र विकृतिलाइ दण्डित र निरुत्साहन गरिनेछ। नगरलाइ छुवाछुत मुक्त वनाउने मध्यकालीन लक्ष्य रहेको छ।

९. न्यायिक समितिले संविधान प्रद्धत न्यायिक अधिकारको भरपुर कार्यन्वयन गरी न्यायलाइ स्वतन्त्र सक्षम निष्पक्ष र छिटो छरितो र भरपर्दो बनाइ नागरिकको न्याय सम्बन्धी हकको संविधान र कानूनको अधिनमा रही प्रत्याभूति दिलाइनेछ।

१०. नागरिकको सञ्चारको हकको प्रत्याभूति गर्न नगरमा छापा, अनलाइन मिडियाको प्रबर्द्धन गरिनेछ र एफ एम रेडियो स्थापन गर्न प्रोत्साहन गर्न आवश्यक समन्वय गरिनेछ, संचार क्षेत्रको विकासलाइ प्राथमिकतामा राखिनेछ र कानुन प्रतिकुल नहुने गरी जिल्लामा कानूनी हैसियत प्राप्त संचार माध्यमलाइ सवै माध्यमबाट प्रोत्साहन गरिनेछ।

११. नगरको  आवश्यकता तथा प्राथमिता प्राप्त आयोजनाहरुको छनौट गरि दीर्घकालीन योजना तथा प्रभावकारी तथा जवाफदेही कार्यान्वयन तथा अनुगमन संयन्त्रको व्यवस्था गरिनेछ ।

१२.सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहकार्य नगरमा आर्थिक विकास कार्यक्रम अगाडी बढाइनेछ, औद्योगिकीकरणलाइ प्राथमिकता दिदै लगानीको वातावरण सिर्जना गरिनेछ र नगरलाइ सुर्खेत दैलेख र जुम्ला जिल्लासँग व्यापरलाइ सहजीकरण गरिनेछ र स्थानीय वजार व्यवस्थापनलाइ प्रभावकारि वनाइ राज्यको जनतामा अनुभूति दिलाइनेछ । तर कालो बजारी, एकाधिकार, सिन्डिकेट तथा कार्टेलिङग लगायतका उपभोक्ता अधिकार विपरित कार्यलाइ पूर्ण रुपमा नियन्त्रण गरिनेछ साथै राजस्व तथा कर प्रशासनलाइ सुधार गरी राजस्वको दयरा वढाइ आन्तरिक आम्दानी वृद्धि गरिनेछ । चालु खर्च नियन्त्र गरिनेछ र पुँजीगत खर्च शतप्रतिशत पुऱ्याइनेछ र खर्चको क्षमता वढाइनेछ र खर्चलाइ उत्पादनमूलक तथा पारदर्शी बनाइनेछ । औषधी पसलहरु प्रभावकारी नियमन गरिनेछ ।

१३.सार्वजनिक खरिद प्रणालीलाइ प्रतिस्पर्धि पारदर्शी र गुणस्तरीय बनाउने तथा खरिद प्रशासनको क्षमता बढाइनेछ ।

१४.नगरपालिका राजनीतिक पदाधिकारी तथा प्रशासनिक जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।

१५.कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि मार्फत कृषिमा आत्मनिभर नगर बनाउने दृष्टिकोण राखि वडाका विभिन्न क्षेत्रलाइ पकेट क्षेत्र घोषणा कार्यलाइ अभियानको रुपमा अगाडी बढाइनेछ र निर्वाहमुखी कृषि प्रणालीलाइ व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्ने कार्य अगाडी बढाइ जनताको खाद्य तथा पोषण सुरक्षा र खाद्य संप्रभुताको प्रत्याभूतको लागि आवश्यक व्यवस्था गरी खाद्य सम्बन्धी अधिकार सुरक्षित गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ । कृषिलाइ यान्त्रिकरण विविधिकरण प्रतिस्पर्धी बनाउन उन्नत विउ वीजन कृषि शिक्षा तालिम अनुसन्धान प्रविधि स्रोत कृषि उद्योगको प्रवर्द्धन र जनशक्ति व्यवस्थापन गरिनेछ । वैज्ञानिक बस्ती विकास तथा भू उपयोग नीतिको प्रभावकारी कार्यान्वयको माध्यमबाट कृषि भूमिको खण्डीकरण रोकिनेछ कृषि पेशालाइ आकर्षक तथा मर्यादित बनाइनेछ ।  कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम रोकिनेछ कृषिलाइ जलवायु परिवर्तन अनुकुलन कार्यक्रमसँग समेत आवद्ध गरिनेछ । नश्ल सुधार बालि तथा पशु विमा फलफुल तथा तरकारी खेतीमा जोड दिइनेछ । कृषिमा प्रकोप तथा पशुमा प्रकोप देखा परे नियन्त्रण गरिनेछ । अनुपस्थित भू स्वामित्व र जग्गा बाँझो राख्ने प्रवृतिलाइ निरुत्साहित गरिनेछ  ।

१६.नगरका सम्पूर्ण काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाइ नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन नगरपालिकामा रहेको सार्वजनिक महत्वको सूचनामा नगरवासीको पहुँलाइ सरल र सहज बनाउन र नगरपालिका र नागरिकका हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गरिनेछ तथा नागरिकको सुसूचित हुने हकलाइ प्रचलित र संरक्षण गरिनेछ ।

१७. सिंचित क्षेत्र विस्तार गरि कृषि योग्य भूमिमा सिंचाइ सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ साथै नहर प्रणालीको सुधार पुनर्निर्माण तथा मर्मतमा जोड दिइनेछ ।

१८. दिगो विकासका सवै लक्ष्य अन्तर सम्बन्धित नीतिको रुपमा

१९. **Sustainable ENERGY FOR ALL** को **Global Agenda** लाइ मूर्तरुप दिन **ACCESS, EFFICIENCY** नगरमा नमूना लघु जलविद्युत आयोजना संचालन गरिनेछ र चालु आयोजनालाइ तत्काल संचालन गर्न आवश्यक स्रोत व्यवस्था गरिनेछ । साथै केन्द्रीय प्रसारण लाइनमा नगरका सवै वडालाइ तीन वर्षमा आवद्ध गरिनेछ ।

२०. नवीकरणीय तथा वैकल्पिक उर्जामा जोड दिइनेछ ।

२१. विकास व्यवस्थापन गर्दा जन सहभागितालाइ पहिलो प्राथमिकता दिइनेछ ।

२२. आवश्यक कानून बने पश्चात नगरपालिकाको आवधिक योजना तयारी गरिनेछ । त्यसैगरी यातायात तथा सडक गुरुयोजना बनाइनेछ ।

२३. नगर स्तरीय खेलकुद मैदानहरु निर्माण गरिनेछ ।

२४. नगर भएर बग्ने नदीहरु ब्यवस्थापन एवं तट बन्ध गरिनेछ ।

२५. नगरपालिकालाइ क्रमश वातावरण मैत्री **Green City** नगरपालिका घोषणा गर्न नमूनाका रुपमा यो वर्ष केही वडालाइ बातावरणमैत्री वडा घोषण गरिनेछ । बन अतिक्रमण पूर्ण रुपमा निषेध गरिनेछ जैविक विविधता तथा पशुपक्षी तथा जडवुटीको संरक्षण गरिनेछ तथा वनको वैज्ञानिक व्यवस्थापन गरिनेछ । सरकारी, सार्वजनिक, ऐलानी,पर्ति जग्गा संरक्षण गरी खालि जमिन तथा राजमार्गको दाँयावाँया, सरकारी कार्यालय परिसर वाढी पहिरोको दृष्टिले जोखिमपूर्ण स्थानमा जनसहभागितामा वृक्षारोपणलाइ अभियानका रुपमा संचालन गरिनेछ । नगरपालिकाको कम्तीमा एउटा उच्च शहीकरण भएको स्थान ल्याण्ड फिल्ड साइटको व्यवस्था गरिनेछ । चिकित्सा जन्य फोहोर उत्सर्जन र व्यवस्थापनमा कडाइ गरिनेछ । फोहरको उत्पादनमा न्युनीकरण पृथकीकरण, पुन चक्रण र पुन प्रयोग गरिनेछ र नदीमा फोहोर मिसाउने कार्यलाय दण्डित गरिनेछ । समष्टिमा फोहर प्रति **Zero tolerance** नीति अवलम्वन गरिनेछ । नगरपालिकामा बनभोज तथा मनोरञ्जन स्थलहरु निर्माण गरिनेछ ।

२६. नगरपालिकामा यातायात क्षेत्रलाइ व्यवस्थित गरिनेछ । नेपालको संविधान, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण एवं अन्य प्रचलित नेपाल कानून बमोजिम सार्वजनिक तथा भाडाका सवारी साधनको भाडा निर्धारण सम्बन्धी अधिकारको प्रयोग गरी उपभोक्ता अधिकारको प्रत्याभूति तथा यातायात क्षेत्रलाइ उत्तरदायी, सेवामूलक र मर्यादित बनाइने । कृषि सडक, ग्रामीण सडक, घोरेटो वाटो तथा झोलुङ्गे पुल निर्माण कार्यलाइ जोड दिइनेछ ।

२७. सुशासनलाइ नगरपालिकाको शासकीय व्यवस्थाको मार्गदर्शनको रुपमा लिइनेछ ।

२८.नागरिकको शिक्षा सम्बन्धी हक कार्यान्वयनको क्रममा आधारभूत तथा माध्यामिक शिक्षालाइ राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिक तयारी गरी नगरपालिकाको आत्मनिर्भरता, समृद्धि र समुन्नति अभिवृद्धिमा योगदान पुऱ्याउन सक्ने तुल्याउने सम्बन्धमा आवश्यक संस्थागत, नीतिगत तथा मानवीय संशाधनको प्रबन्धमा जोड दिइन्छ । उच्च शिक्षामा विशिष्टीकृत समूहलाइ निशुल्क तथा छात्रवृति अवसर उपलब्ध गराइनेछ । मातृ भाषामा शिक्षा प्राप्तिमा सहजीकरण गरिनेछ र समुदायको भाषा लिपि संस्कृति सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गरिनेछ। नगरपालिकामा नमूना विद्यालय घोषणा कार्यक्रमलाइ अभियानको रुपमा संचालन गरिनेछ।

२९.युवाहरुलाइ रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न नगरपालिका यस आर्थिक वर्षमा लोक सेवा पाठ्यक्रम सम्बन्धी करिव महिने कक्षा विशेषज्ञ समेतको सहजीकरणमा संचालन गरिनेछ। साथै विद्युतीय लगायत अन्य छोटो समयका व्यवसायिक तालिम संचालन तथा कृषि तथा पशुपालनमा आम्दानी वृद्धि गरी स्वरोजगार सृजना गरिनेछ।

३०.नगरपालिकामा स्थापना भएका तथा स्थापना हुने स्वास्थ्य संस्थालाइ भवन, अन्य चिकित्साजन्य सामाग्रीहरु सवारी साधनहरु मानवीय क्षमता अभिवृद्धिका पर्याप्त अवसर सिर्जना गरिनेछ । आवश्यकता अनुसार गर्न सकिने मिल्ने स्वास्थ्य शिविरहरु संचालन गरिनेछ । नगरपालिकाले नागरिकको सेवाको लागि आफ्नै एम्बुलेन्स संचालन गर्नेछ। सुरक्षित मातृत्व, बाल स्वास्थ्य प्रजनन स्वास्थ्य तथा महिलाको प्रजनन अधिकार महामारी नियन्त्रण, नसर्ने रोग रोकथाम यौन रोग नियन्त्रण जस्ता विषयलाइ प्राथमिकता दिइनेछ। तोकिएको घातक रोगहरुको उपचारमा प्रचलित कानूनमा भएको व्यवस्था तत्काल कार्यान्वियन गरिनेछ।

३१.दुइ वर्ष भित्र नगरपालिको सवै वडालाइ पूर्ण सरसफाइ युक्त र स्वच्छ खानेपानीको सुविधा पुर्याइनेछ। कुनै पनि विद्यालय खानेपानीको पहुँच बाहिर रहनेछैनन्।

३२.नगरपालिकामा प्रत्येक बालवालिकालाइ पहुँचयोग्य समान र गुणस्तरीय शिक्षाको लागि आवश्यक प्रवन्ध गरिनेछ। बाल विवाह बाल श्रम बालबालिका विरुद्धको अपराध विरुद्ध मानव वेचविखन विरुद्ध अभियान संचालन गरिनेछ। बालबालिका जोखिम पूर्ण काममा नलगाउन जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। वालमैत्री नगर घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ।

३३.सामाजिक सुरक्षा पाउन सक्ने तर पहँचमा आउन नसकेका जेष्ठ नागरिकलाइ विशेष कार्यक्रम संचालन गरि अनिवार्य रुपमा सुविधा लिन सक्ने वातावरण सिर्जना गरिनेछ।

३४.लोककल्याणकारी राज्यमा सामाजिक न्यायको व्यवहारिक अनुभूति दिलाउन प्रचलित कानून बमोजिम यस स्थानीय तहका सवै क्षेत्रमा समावेशीकरणका सिद्धान्तलाइ अवलम्वन गरिनेछ । नगर क्षेत्रमा विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण उत्थान सशक्तिकरण र विकासका लागि शिक्षा स्वास्थ्य विशेष अवसर तथा लाभ पाउने अवस्था सिर्जना गरिनेछ।

३५.नगरपालिकाको  कर प्रशासनमा व्यापक सुधार गरिनेछ करको दायरा बढाइनेछ स्रोत परिचालनलाइ दिगो भरपर्दो  नगरपालिकालाइ आत्मनिर्भर समृद्ध र दिगो विकास युक्त र समुन्नत वनाइनेछ।

३६.एक वर्ष भित्र नगरपालिकामा सम्पति कर लागू गरिनेछ।

३७.संघीय तथा प्रदेश कानून जारी भए पश्चात तोकिए बमोजिम तत्काल नगरपालिका सेवाको गठन गरी संचालन र व्यवस्थापन गरिनेछ।

३८.**VITAL REGISTRATION** लाइ शासकीय प्रवन्ध,  सेवा प्रवाह तथा योजना व्यवस्थापनमा मुटुको रुपमा भूमिका प्रदान गरिनेछ र प्रविधि मैत्री अध्यावधिक र उत्तरदायी बनाइनेछ। विद्युतीय सरकारलाइ व्यवहारिक रुप दिदै अभिलेख प्रणालीलाइ वैज्ञानिक तथा व्यवस्थित बनाइनेछ।

३९.सहकारी संस्थालाइ नियमन तथा सहजीकरण दुवै अस्त्र प्रयोग गरी राष्ट्रिय अर्थतन्त्रको एक खम्बा भएको स्थानीय तहमा अनुभूति दिलाइनेछ।

४०.अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग पुर्याइनेछ।  नगरपालिका क्षेत्रमा रहेका प्रहरी इकाइलाइ सम्भव भए सम्म स्रोत साधन सम्पन्न बनाइनेछ।

४१.विश्व परिवेशलाइ प्रचलित कानून प्रतिकूल नहुने गरी विश्वव्यापी प्रशसान तथा व्यवस्थापन एवं व्यापार क्षेत्रका नवीनतम अवधारणालाइ नगरको विकासमा आत्मसात गरिनेछ।

४२.नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी आवश्यक काननी व्यवस्था गरी यथाशीध्र गठन तथा संचालन गरिनेछ।

४३.नगरपालिकामा रहेका सवै विषयगत कार्यालयका सरकारी सम्पति संरक्षणको लागि आवश्यक व्यवस्था गरिनेछ।

४४.नगरपालिकाको लागि पर्याप्त जग्गाको प्रबन्ध गरी आफ्नै भवन नभएका वडा कार्यालयहरु समेतलाइ न्यायोचित क्षेत्रफलमा जग्गाको व्यवस्था गरी अत्याधुनिक कम्प्लेक्सको रुपमा नगरपालिका भवन तथा वडा कार्यालय भवन निर्माणको लागि कार्य प्रारम्भ गरिनेछ।

४५.नगरपालिकालाइ विपद् उत्थानशील(Disaster Resilience) बनाउन आवश्यक संस्थागत तथा मानव संशासधनको व्यवस्था गरिनेछ। स्थानीय दैवी प्रकोप कोषको स्थापन गरी सम्बन्धित क्षेत्रमा कार्यरत गैर सरकारी संस्था तथा निजी क्षेत्रसंगको सहकार्यमा कोष अभिवृद्धि गरी विपद् व्यवस्थापनलाइ सहज बनाइनेछ। साथै आपतकालीन राहतको समेत व्यवस्था गरिनेछ। विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीक व्यवस्था गरिनेछ र सरोकारावालाइ तालिमको व्यवस्था गरिनेछ।

४६.नगरपालिका क्षेत्रमा  एक आधुनिक तथा सुविधा सम्पन्न वस विसौनी निर्माण प्रकृया बढाइनेछ।

४७.समग्र नगरपालिकाको विस्तृत वस्तुगत विवरण तयार गर्न व्यापक जनशक्तिको परिचालन तथा आवश्यक स्रोत साधन व्यवस्था गरी योजना व्यवस्थापनको प्रमुख आधार बनाइनेछ। नगरपालिकाको व्यापक तथ्याङ्क संकलन प्रशोधन तथा त्यसको अभिलेखीकरण गरी विवेकपूर्ण उपयोग गरिनेछ।

४८.चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना २०७१/७२-२०७५ लाइ सवै विकास सम्बन्धी योजना, नीति, कार्यक्रम, बजेटसँग अन्तर सम्बनधित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४९.सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरिनेछ। भू उपयोग अन्तर सम्बन्धित विषयको रुपमा कार्यान्वयन गरिनेछ।

५०.अन्त्यमा सम्पूर्ण नगरवासी दाजुभाई दिदि बहिनी, राष्ट्रसेवक कर्मचारीहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुका प्रतिनिधहरु लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।